प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३२१ ॥ २०८१ पुष २७ गते शनिबार (11th Jan 2025 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-

# बिर्तामोड बसपार्कको समस्या समाधान हुन्छ–सभामुख

झापा(प्रस) । सभामुख देवराज घिमिरेले बिर्तामोड बसपार्कको जग्गा समस्या आज भोलि नै समाधान हुने बताएका छन् । बिर्तामोड बसपार्कको ५१ विघा जग्गाको ११५३ कित्ताको कारोवार रोक्का भएको सम्बन्धमा त्यसको समाधान चाँडै हुने सभामुखले आश्वासन दिएका हुन् । अर्जुनधारामा भएका भूमिसम्बन्धी समस्याका बारेमा शुक्रवार सरोकारवालाहरुसंगको अन्तरक्रियामा उनले मालपोत कार्यालय झापाले गत जेठ महिनामा पठाएको पत्रको जवाफ भूमिसुधार मन्त्रालयले आज भोलि नै पठाउन लागेको जानकारी दिए । बिहीवार झापा आउनुअघि आफूले भूमिसुधार मन्त्रीलाई मालपोत कार्यालयले पठाएको पत्रका सम्बन्धमा जिज्ञासा राखेको र त्यसको प्रतिउत्तर आज भोलि नै मन्त्रालयले विभागलाई पठाउन लागेको कुरा मन्त्रीले जवाफ दिएको घिमिरेले जानकारी दिए । 'हिजो भूमिसुधार मन्त्रालयका सचिव आउनु भएन ।

आज आउनु हुन्छ र साँझ पाँच बजेभित्र पत्रको जवाफ पठाउने भनेर मन्त्रीसंग फोनमा कुराकानी भएको हो ' उनले भने ।यसअघि अर्जुनधारा नगरपालिकाको सभाहलमै गत असार २३ गते भएको अन्तरक्रिया कार्यक्रममा सभामुख घिमिरेले बिर्तामोड बसपार्कको जग्गा समस्या समाधानका लागि पहल गर्ने बताएका थिए । तर आठ महिना बितिसक्दा पनि बसपार्कको समस्या ज्युँको त्युँ छ । सर्वोच्चको फैसला आएदेखि मालपोत कार्यालय झापाले बिर्तामोड बसपार्कको जग्गाको कारोबार रोकेपछि अर्बौको लगानी गरेका पाँच सयभन्दा बढी जग्गाधनी समस्यामा परेका छन् । सर्वोच्चको फैसलाले बसपार्कको ११५३ कित्ता रोक्का भएको हो । त्यसबाट उत्पन्न अन्यौलतालाई छिटो अन्त्य गर्न बसपार्कबासीहरुले लगातार



ध्यानाकर्षण गराउँदै आएका छन् । केही दिनअघि बसपार्कबासीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीलाई आफ्ना समस्याबारे ज्ञापनपत्र बुझाएका थिए । नगर प्रमुख बलदेवसिंह गोम्देनसंग बसपार्कबासीहरु आफ्ना समस्याबारे ध्यानाकर्षण गराउन काठमाण्डौ गएका थिए । पटक पटक ध्यानाकर्षण गराउँदासमेत समस्याको समाधान नभएपछि आन्दोलन गर्नुको अब विकल्प नरहेको भूमिसम्बन्धी अर्जुनधाराका फोकल पर्सन वीरबहादुर राईले बताए । त्यस्तै बिर्तामोड बसपार्कबासीका तर्फबाट सुजन शिवाकोटीले सभामुखलाई ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्रमा आफूहरु घरजग्गा भएर पनि भूमिहीन बन्नुपरेको र समस्याको दीर्घकालीन समाधान नभए जस्तोसुकै आन्दोलन गर्न बाध्य हुने चेतावनी दिइएको छ । गत बैशाख ३१ गते सर्वोच्च अदालतले गिरीबन्धु टि इस्टेटको जग्गाको बारेमा फैसला सुनाएको थियो ।

सर्वोच्चले गिरीबन्धु टि स्टेटको ३४३ बिघा १९ कठ्ठा १२ धुर जग्गा सट्टापट्टा हुन नसक्ने फैसला सुनाउँदै २०६५ सालमा बिक्री वितरण भइसकेको बिर्तामोड बसपार्कको ५१ विघा जग्गालाई समेत फैसलामा जोडेको थियो । त्यसपछि बिर्तामोड बसपार्कको जग्गाको बारेमा उत्पन्न अन्यौलताका विषयमा मालपोत कार्यालय झापाले स्पष्ट पारिदिन भूमिसुधार मन्त्रालयलाई गत जेठ महिनामा पत्र पठाएकोमा अझैसम्म त्यसको प्रतिउत्तर नआएको प्रमुख मालपोत अधिकृत राजेशप्रसाद पोखरेलले बताए ।

करिव १५ वर्षअघि बिक्री वितरण भइसकेर तेस्रो पक्षमा गइसकेको बिर्तामोड बसपार्कको जग्गाको विषयमा सर्वोच्चले गरेको फैसलाको स्पष्ट व्याख्या नहुँदा र भूमिसुधार मन्त्रालयले समेत प्रतिउत्तर नपठाउँदा बिर्तामोड बसपार्कबासी चिन्तित र अन्यौल बनेका छन् । गिरीबन्धुको बारेमा सर्वोच्चले उत्पन्न गराएको अन्यौलता र आफूहरुलाई परेको समस्यालाई लिएर अर्जुनधारा -११ र बिर्तामोड-५ स्थित बिर्तामोड बसपार्कबासीहरु संघर्ष समिति गठन गरी आन्दोलित छन् ।

टेकबहादुर गिरी बसपार्कसमेत रहेको ५१ विघा जग्गामा ४०२ वटा घर निर्माण भएका छन् । ५१ विघा जग्गामध्ये ३८ विघा जग्गा प्लटिङ गरिएको थियो भने बाँकी खाली नै रहेको छ । प्लटिङमा आवासीय घरसंगै टेकबहादुर गिरी बसपार्क, पाथीभरा इन्जिनियरिङ कलेज ,कान्तिपुर ड्राइभिङ सेन्टरजस्ता व्यावसायिक संस्था छन् । त्यस्तै दुई दर्जनको हाराहारीमा होटलहरु संचालनमा रहेका छन् । झापा क्षेत्र नं २ का संघीय सांसदसमेत रहेका घिमिरेसंग अर्जुनधारा १ मा नेपाली सेनाले ओगटेको ९३५ विघा १० कठ्ठा १० धुर जग्गाको समस्या,वडा नं ८ को मोरङ क्यानिङ कम्पनीको १०६ विघा जग्गाको समस्या , वडा नं ७ मा खोलाको जग्गामा बस्ती र नम्बरी जग्गामा खोला कुदेपछि करिव ६ सय परिवारलाई परेको समस्या , कालीस्थान मावि , मन्दिर र गुम्बाको जग्गा समस्या , सुकुम्बासी आयोगले तोकेको महँगो राजश्वको समस्यालगायतका विषयमा सरोकारवालाहरुले ध्यानाकर्षण गराएका थिए । प्रदेश सांसद चिन्तन पाठक , नेकपा एमाले झापाका अध्यक्ष प्रेम गिरी , प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारी , मालपोत कार्यालय झापाका प्रमुख राजेशप्रसाद पोखरेलगायतको सहभागिता रहेको कार्यक्रममा अर्जुनधाराका नगर प्रमुख बलदेवसिंह गोम्देनले धन्यवाद ज्ञापन गरेका थिए ।

## अर्जुनधाराबासीलाई सभामुखले यसरी थर्काए

झापा(प्रस) ।
अर्जुनधाराको भूमिसम्बन्धी समस्याका बारेमा आयोजित अन्तरक्रिया कार्यक्रममा सभामुख देवराज घिमिरेले सरोकारवालाहरुलाई थर्काएका छन् । सरोकारवालाहरुले अर्जुनधारा ११ स्थित बिर्तामोड बसपार्कको जग्गालगायतका भूमि समस्याका बारेमा पटकपटक ध्यानाकर्षण गराउँदासमेत समाधान नभएको गुनासो गरेका थिए । भूमिसम्बन्धी अर्जुनधाराका फोकल पर्सन वीरबहादुर राईले यसअघि सभामुख घिमिरेले १५ दिनभित्र केही गर्छु भनी आश्वासन दिएकोमा अहिलेसम्म केही नभएको गुनासो गरेका थिए । उनले 'हुन्छ बहादुर र भोलि बहादुर' भन्ने प्रवृत्ति नहटेको बताएका थिए । त्यस्तै बिर्तामोड बसपार्कबासीका तर्फबाट सुजन शिवाकोटीले ज्ञापनपत्र बुझाउँदै दीर्घकालीन रुपमा आफूहरुको समस्या समाधान नभए जस्तोसुकै आन्दोलन गर्ने चेतावनी दिएका थिए । आफूलाई 'हुन्छ बहादुर र भोलि बहादुर' भनेकोमा चित्त दुखाउँदै सभामुख घिमिरेले झापाका जिम्मेवार व्यक्तिहरुबाट आएको त्यस किसिमको हल्का टिप्पणीबाट समस्या हल नहुने जवाफ दिए । अहिले चुनावको बेला नभएको भन्दै उनले आक्रोशित हुँदै भने,' अहिले चुनाव आएको छ र ? जे पनि भन्दिने ।' यो तरिका बेठीक भएको भन्दै उनले राजनीतितलाई कमजोर पार्ने कोसिस नगर्न चेतावनीसमेत दिएका छन् ।

## लेखनाथ चौकदेखि देउनियासम्म धुलोको पिरोलो



भद्रपुर(प्रस) ।निर्माणाधीन चन्द्रगढी–विर्तामोड सडकखण्डअन्तर्गत झापा सदरमुकामको लेखनाथ चौकदेखि देउनिया खोलासम्म भइरहेको ग्राभेलिङ तथा माटो फिलिङबाट प्रदूषण बढिरहेको छ ।
निर्माण व्यवसायीले सो सडकखण्डमा पानी हाल्ने काम नगर्दा धुलो उडेकाले प्रदूषण बढिरहेको स्थानीयले आरोप लगाएका हुन् ।
निर्माण कम्पनीले सडक लथालिङ्ग अवस्थामा काम गरिरहेकाले सवारी साधन आवतजावत गर्दा अन्धकार हुने गरी धुलो धुवाँ उडेका कारण आसपासका क्षेत्रका बासिन्दाको स्वास्थ्यमा समस्या देखिन थालेको गुनासो छ ।
सडक निर्माण सम्पन्न गर्न निकै समय लाग्ने कारण त्यस क्षेत्रमा सडक निर्माण सम्झौता अनुसार नियमित पानी हाल्नु पर्ने माग स्थानीयको भएपनि सुनुवाइ नभएको गुनासो छ ।
सडक निर्माणको ठेक्का पाएको काठमाडौँको कन्टेक प्रालिले २०७७

❖ बाँकी अन्तिम पृष्ठमा

## 'सडक अवरोध गरेर परिणाम निस्किदैन'

बिर्तामोड(प्रस) । सभामुख देवराज घिमिरेले सडक अवरोध गरेर आन्दोलन गर्दा मात्रै अपेक्षाकृत परिणाम ननिस्किने बताएका छन् ।
बिर्तामोड-भद्रपुर सडकखण्ड वरपरका बासिन्दाले सडक अवरुद्ध पारेर गरेको आन्दोलनप्रति लक्षित गर्दै सभामुख घिमिरेले यस्तो टिप्पणी गरेका हुन् ।सहिद नेत्रपार्कमा शुक्रवार साँझ सरोकारवालासँग छलफल गर्दै सभामुख घिमिरेले आन्दोलन गर्दा जनताले मात्रै दुःख पाउने बताए ।
'ठेकेदारले भुक्तानी नपाएका कारण सडक निर्माणले गति लिन नसकेको विषयमा मलाई पूर्ण जानकारी छ', सभामुख घिमिरेले भने, 'ढिलो छिटो भुक्तानी हुन्छ, काम गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।' सरकारी ढुकुटीमा पर्याप्त पैसा हुञ्जेल ठेकेदारले काम नगरेको जनाउँदै सभामुख घिमिरेले फेरि म्याद थप्ने बेला भएको बताए ।
बिर्तामोड भद्रपुर सडकखण्ड निर्माण गरिरहेको ठेकेदार कम्पनीले पहिलेको एक करोड २० लाख र अहिलेको ४ करोड रुपैयाँ भुक्तानी पाउन बाँकी छ । भुक्तानी नपाएको भन्दै सडक निर्माणको काम अघि नबढाएपछि स्थानीय क्षेत्रका बासिन्दा नियमित धुलोका कारण आजित बनेका छन् ।
पटक-पटक ध्यानाकर्षण गराउँदा समेत सरोकारवालाले चासो नदिएको जनाउँदै उनीहरूले तीन दिनअघि सडक अवरुद्ध गरेका थिए ।

❖ बाँकी अन्तिम पृष्ठमा

## गाउँमा जंगली हात्ती पस्न थालेपछि निदाउनै मुश्किल

• **तीर्थ तिम्सिना**

बुद्धशान्ति । झापामा रैथाने जंगली हात्तीको कारण वनक्षेत्र आसपासका स्थानीयबासी त्रासमा बाँच्न बाध्य छन् । दिनहुँजसो रात परेपछि आहारको खोजीमा निस्किने जंगली हात्तीले स्थानीयको घरगोठ भत्काउनुका साथै अन्नबालीमा क्षति पुऱ्याउँदै आएको छ । पछिल्लो दुई सातायता जिल्लाको बुद्धशान्ति गाउँपालिकाको वडा नं. २ र ३ क्षेत्रमा रातको समयमा जंगली हात्ती गाउँ पस्न थालेपछि अहिले गाउँले त्रसित बनेर निदाउन सकेका छैनन् ।



चर्चाबारी, गोपालडाँडा, आँपचोक, महानन्द टोल, प्रगति टोल, सात नम्बर, जयपुर, ट्रान्समिटर, गलान गाउँलगायतका क्षेत्रमा दैनिक रातको समयमा जंगली हात्ती प्रवेश गरेर खेतीबाली नोक्सान गर्ने, घरगोठमा क्षति पुऱ्याउने गरेका कारण आफूहरु त्रसित भएर रात काट्न बाध्य हुनु परेको बुद्धशान्ति- २ का स्थानीय प्रकाशकुमार महतले बताएका छन् । हात्तीले उनको घरमा समेत केही दिनअघि क्षति पुऱ्याएको थियो ।

हात्तीको बथान जंगलमा लुकेर बस्ने गरेको र रातको समयमा निस्किने गरेका छन् । नजिकैको आदर्श नमूना, मागुरमाढी, कालिका, नवज्योतीलगायतका सामुदायिक वनहरुबाट हात्ती गाउँ प्रवेश गर्ने गरेको आदर्श नमूना सामुदायिक वनका अध्यक्ष खगेन्द्र आचार्यले बताएका छन् । उनले स्थानीयले सामान्य साइरन बजाउनुबाहेक हात्ती खेदाउने अन्य उपाय नरहेकोले सम्बन्धित निकायले यसको दीर्घकालीन समाधानका लागि उपाय खोज्नु जरुरी रहेको बताएका छन् ।

जंगली हात्तीले बुद्धशान्ति मात्रै नभएर झापाका विभिन्न क्षेत्रहरुमा आतंक नै मच्चाइरहेका छन् । जिल्लाको मेचीनगर, अर्जुनधारा, शिवसताक्षी, दमक, भद्रपुर, कमल, कन्काई, हल्दिबारीलगायतका पालिकाहरुमा पनि दिनहुँ स्थानीयलाई त्रसित बनाइरहेको डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईले बताएका छन् । उनले खासगरी जंगलसँग जोडिएका पालिकाका बस्तीहरूमा हात्ती प्रवेश गर्ने गरेको बताएका छन् । उनले झापाका विभिन्न जंगलमा करिब तीसभन्दा बढी रैथाने हात्ती रहेको बताए । यस वर्ष गत वर्षको जस्तो भारतबाट हात्तीको हन्जा (हुल) नेपाल प्रवेश नगरेकाले बस्ती पस्ने हात्ती झापाकै जंगलमा बसोबास गर्ने मात्र रहेको राईको भनाई छ ।


'जंगलमा घाँसपात हुँदा जंगलमै चर्छन् । बालीनाली फल्ने बेलामा खेतबारीमा जान्छन् । यो सुक्खा सिजनमा गाउँघरमा जाने अन्नबाली खाने, घरग्वाली भत्काउने जस्ता गतिविधि गर्छन्,' प्रमुख राईले भने, 'यसपटक बाहिरबाट आएका हात्ती छैनन् । यसका गतिविधि हेर्दा तीसवटा मात्र हात्ती छन् । गत वर्षभन्दा यस वर्ष बढेका छैनन् ।' यस वर्ष झापामा हात्तीले गत वर्षभन्दा कम क्षति गरेको उनले बताए । यद्यपि, स्थानीय तहको सिफारिसमा राहत माग्न दैनिकजसो डिभिजन वन कार्यालयमा पीडितहरू आउने गरेको प्रमुख राईले बताए ।

झापामा गत आर्थिक वर्षमा हात्तीको आक्रमणबाट ९ जनाको मृत्यु भएको थियो । यो वर्ष वितेको पाँच महिनामा तीनजनाको ज्यान गएको छ । हात्तीलाई बस्ती पस्न

❖ बाँकी अन्तिम पृष्ठमा

**प्राणघातक स्तन क्यान्सरबाट बचौं**
**स्तन क्यान्सरका लक्षणहरू**

- **स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,**
- **स्तनको छालामा निको नहुने घाउ आउनु,**
- **स्तनको आकारमा परिवर्तन हुनु,**
- **स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,**
- **स्तनको मुन्टा भित्रतर्फ जानु,**
- **स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,**
- **स्तन दुख्नु वा सुन्निनु,**
- **यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं**




**झापा गाउँपालिकाको कार्यालय**
**टाँघनडुब्बा, झापा**

# धौलागिरी पारिजातले कमायो १६ लाख बढी मुनाफा

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा प्रधान कार्यालय रहेको धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले गत आर्थिक वर्षमा १६ लाख ६७ हजार १३१ रुपैया खुद नाफा कमाएको छ । संस्थाको शुक्रबार बिर्तामोडमा सम्पन्न
१७औं बार्षिक साधारणसभाको अवसरमा सो जानकारी दिइएको हो ।

संस्थाका अध्यक्ष किशोर भट्टराईद्वारा प्रस्तुत बार्षिक प्रतिवेदनअनुसार १२ हजार ७२६ जना शेयर सदस्य रहेको धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्थाको शेयर पूँजी ६ करोड ३६ लाख ६२ हजार दुई सय रुपैयाँ रहेको छ । संस्थाले कोषवृद्धि गरी २ करोड ७१ लाख ६९ हजार ५५५ रुपैया पुर्याएको छ । गत आवमा संस्थाले ३७ करोड ५ लाख ९० हजार ७३५ रुपैया बचत सङ्कलन गरेको छ भने ४० करोड १९ लाख ६७ हजार ४२५ रुपैया कर्जा लगानी गरेको छ ।

गत आवमा १५२ जना शेयर सदस्यहरुलाई राहत बापत ७ लाख १० हजार १०८ रुपैया उपलब्ध गराइएको संस्थाले जनाएको छ ।

कार्यक्रममा गत आवमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरु बालकुमारी खतिवडा रिजाल, सिता नेपाल, खिनादेवी मिश्र दाहाल र सरु कार्कीलाई सम्मान तथा पुरस्कृत गरिएको छ ।

चालू आवदेखि शेयर सदस्यहरुलाई घरमा आवश्यक इलेक्ट्रोनिक्स सामान शून्य प्रतिशत ब्याजदरमा उपलब्ध गराउने निर्णय गरेको छ । २०६१ सालमा स्थापना भएको संस्थाले झापामा ९ वटा सेवाकेन्द्रमार्फत सदस्यहरुलाई सेवा दिँदै आएको छ । धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्थाले बचत तथा ऋण, सुपथ मूल्यको कृषि सहकारी पसल र दैनिक उपभोग्य वस्तुहरुको थोक विक्रेताको कार्य गर्दै आएको कार्यकारी प्रमुख कृष्ण पौडेलले जानकारी दिए ।

कार्यक्रममा शिक्षा बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्षसमेत रहेका नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुव्रत न्यौपाने, साना किसान सहकारी संस्था हल्दिबारीका अध्यक्ष त्रिलोचन सापकोटा, सतासी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष रुद्रमणि श्रेष्ठ, राष्ट्रिय सहकारी बैंकका प्रबन्धक विवेक डाँगी, बिर्तामोड नगरपालिका सहकारी शाखाका पूर्व अधिकृत डिल्ली दाहालले शुभकामना मन्तब्य राखेका थिए ।

किशोर भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागीलाई स्वागत सञ्चालक सदस्य माधवप्रसाद आचार्यले गरेका थिए । जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्य रहेको कार्यक्रम संस्थाका शिक्षा उपसमिति सदस्य ज्ञानेन्द्र अधिकारीले सञ्चालन गरेका थिए ।

# सशस्त्र प्रहरी बलले मर्मत गर्न थाल्यो सीमा स्तम्भ

झापा(प्रस) । सशस्त्र प्रहरी बल नेपालले सीमा स्तम्भलाई मर्मत गर्न थालेको छ ।
बिहीवारबाट सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हे.क्वा. झापाले झापा जिल्लाअन्तर्गत नेपाल-भारत अन्तर्राष्ट्रिय सीमामा रहेका सीमा स्तम्भहरुको मर्मत थालेको हो । सीमा स्तम्भमध्ये बीडब्लुजीको निर्णयानुसार सन् २०१४ पश्चात् निर्माण भएका नेपालतर्फबाट मर्मत संभार गरिने बिजोर नम्बरका



सीमा स्तम्भहरुको मर्मत कार्यको शुभारम्भ मेचीनगनर न.पा. १५ सिसुवाडाँगी स्थित सानो सीमा स्तम्भ नं. ९५/१२ बाट गरिएको हो ।

उक्त कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हे.क्वा. झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राई, प्रस्तावित सीमा सुरक्षा गुल्म भद्रपुरका गुल्मपति सशस्त्र प्रहरी नायव उपरीक्षक रमेश भुवाजी, जिल्ला प्रशासन कार्यालय झापाका प्रतिनिधि तथा प्रशासकीय अधिकृत टिकाराम निरौला, नापी बिभागका प्रतिनिधि तथा नापी अधिकृत दमन न्यौपाने, मेचीनगर १५ का वडा सदस्य बिर्खराज राजवंशी, सशस्त्र सीमा बलका प्रतिनिधिलगायत सीमा सहजीकरण समितिका पदाधिकारी, स्थानीय सीमाबासीहरुको उपस्थिति रहेको थियो ।

बीडब्लुजीको निर्णयानुसार सीमा क्षेत्रमा रहेका सीमा स्तम्भहरुमध्ये सन् २०१४ पश्चात् निर्माण भएका बिजोर नम्बरका सीमा स्तम्भ सशस्त्र प्रहरी बल नेपालले र जोर नम्बरका स्तम्भ भारतीय सीमा सुरक्षा बल (एसएसबी) को तर्फबाट मर्मत संभार गर्ने निर्णयानुसार गत आर्थिक वर्षमा समेत सशस्त्र प्रहरी बल नेपाल तथा भारतीय सीमा सुरक्षा बल (एसएसबी) द्वारा यसैगरी रंगरोकन तथा मर्मत गरिएको थियो ।

# ब्राउनसुगरसहित शिवसताक्षीमा एक दम्पती पक्राउ



झापा(प्रस)। लागूऔषध ब्राउनसुगरसहित शिवसताक्षीमा एक दम्पती पक्राउ परेका छन् । बिहीवार दिउँसो १२:४० बजे शिवसताक्षी नगरपालिका वडा नं.११ मिलनकुमार राईको घरमा दमक नगरपालिका वडा नं.४ फुलबारी टोल बस्ने २६ वर्षीय सरुप राई र उनकी श्रीमती ३२ वर्षीया आरती मगर ब्राउनसुगरसहित पक्राउ परेका हुन् । घर खानतलासी लिँदा घरभित्र रहेको टेबलमाथि प्लाष्टिकको पोका पारी राखेको अवस्थामा प्लास्टिकबाहेक २ ग्राम ५० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । दुवैलाई इलाका प्रहरी कार्यालय झिलझिलेमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए ।

# चन्द्रगढी खानेपानीको २२ औं साधारण सभा




भद्रपुर(प्रस) । चन्द्रगढी खानेपानी उपभोक्ता तथा सरसफाई समिति भद्रपुर १० को २२ औं परिषद भेला तथा साधारण सभा चन्द्रगढीमा सम्पन्न भएको छ ।
संघीय संसदका सभामुख देवराज घिमिरेले परिषद भेलाको उद्घाटन गर्दै खानेपानी मानिसको आधारभूत आवश्यकता भएकोले नेपालको संविधानले खानेपानीलाई मौलिक अधिकारभित्र राखेको बताए ।

उनले शुद्ध खानेपानीमा नागरिकको पहुँच स्थापित गर्न आफूले संसदमा सक्दो भूमिका निर्वाह गर्ने समेत प्रतिबद्धता व्यक्त गरे ।
संस्थाका अध्यक्ष पुरुषोत्तम अधिकारीले संस्थाको बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै ४ सय ४० वटा नयाँ धाराहरु जडान गर्दै गत असार मसान्तसम्ममा ४ हजार ४ सय ७ जना उपभोक्ता संख्या रहेको जानकारी दिए । झापाका खानेपानी उपभोक्ता समितिहरुमध्ये चन्द्रगढीले सबैभन्दा कम मूल्य तथा सहुलियतमा उपभोक्तालाई पिउने पानी उपलब्ध गराइरहेको बताउँदै संस्थाले गरेका गतिविधिका बारेमा प्रकाश पारेका थिए ।
कार्यक्रममा भद्रपुर नगरपालिका उपप्रमुख राधा कार्की, खानेपानी डिभिजन कार्यालय झापाका प्रमुख विकास काफ्लेलगायतले शुभकामना मन्तव्य राख्दै झापा सदरमुकाममा रहेर चन्द्रगढी खानेपानी उपभोक्ता समितिले पुर्‍याएको योगदानको प्रशंसा समेत गरेका थिए ।
अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव बाबुराम कार्की र स्वागत मन्तव्य उपाध्यक्ष बाबुराम पराजुलीले राखेका थिए । कार्यक्रममा वर्ष उत्कृष्ट कर्मचारी सम्मानबाट नारायण निरौलालाई नगद ११ हजार १ सय ११ सहित प्रशंसापत्रले सम्मानित गरिएको थियो ।

# पिकअप दुर्घटनामा चालक र सहचालकको मृत्यु

झापा(प्रस)। सुँगुर बोकेको पिकअप धनकुटामा दुर्घटना हुँदा चालक र सहचालकको मृत्यु भएको छ । बिहीवार राति ९.१० बजे धनकुटाको पाख्रीबास ३ जौटारस्थित पाख्रीबास-हिले सडकखण्डमा पाख्रीबासबाट हिलेतर्फ आउँदै गरेको को १ ज २६३९ नम्बरको पिकअप बोलेरो दुर्घटनामा परेको हो ।

तीनवटा सुँगुर लोड गरेर आउँदै गरेको सो पिकअप बोलेरो सडकबाट अनियन्त्रित भई अन्दाजी १४० मिटर तल झरेको छ । दुर्घटनामा सह-चालक सिरहा लहान ५ बस्ने अन्दाजी २४ वर्षीय प्रमोद मल्लिकको घटनास्थलमै मृत्यु भएको छ भने



चालक पाख्रीबास नगरपालिका वडा नम्बर ९ उत्तरपानी बस्ने ३९ वर्षीय शुक्रबहादुर तामाङ घाइते भएका थिए । उनलाई उपचारको लागि जिल्ला अस्पताल धनकुटा ल्याई चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । तीनवटै सुँगुर जीवित रहेको धनकुटा प्रहरीले जनाएको छ ।
त्यस्तै बिहीवार साँझ ७:३० बजे संखुवासभाको सिलिचोङ २ खोप्चेस्थित माथिल्लो संखुवा हाइड्रोपावरको ड्याम साईडको बाटो खन्ने क्रममा बा. ०१-००४ क ३०१२ नम्वरको स्काईभेटर बाटोबाट अन्दाजी ३०० मिटर तल संखुवा खोलामा झरेर दुर्घटना भएको छ । दुर्घटनामा स्काईभेटरका चालक चितवन खैरेनी १० बस्ने ४२ वर्षीय रामकुमार पाण्डे घाइते भएका छन् । उनलाई उपचारको लागि जिल्ला अस्पताल खाँदबारी लगिएको छ ।

### गाउँमा...

नदिन डिभिजन वन कार्यालय झापाले वनमा हात्तीलाई मन पर्ने बाँसलगायतका खानेकुरा रोप्ने काम गरिरहेको जनाएको छ ।

हात्ती जंगलमै खेलोस् भनेर केही वनमा पोखरी पनि बनाएको बताइएको छ । बाँस, केरा, इलिफेन्ट एप्पललगायतका खानेकुरा पनि रोपेका छौं,' प्रमुख राईले भने, 'मन्त्रालयमार्फत मानव-हात्ती द्वन्द्व नियन्त्रणका लागि कार्ययोजना बनाउने काम भइरहेको छ ।' डिभिजन वन कार्यालयका अनुसार करिब १३ वर्षमा झापामा हात्तीको आक्रमणबाट ७२ जनाले ज्यान गुमाइसकेका छन् । यस्तै दुई दशकमा २१ वटा हात्ती मारिएका छन् ।

### लेखनाथ...

माघ ६ गते ठेक्का सम्झौता गरेको थियो भने ३० महिनामा काम सम्पन्न गर्नुपर्ने म्याद रहेको थियो । त्यस अवधिभित्र करिब ३० प्रतिशत मात्र काम सम्पन्न भएको सडक भण्डै दुई वर्ष अलपत्र परेपछि यसै आर्थिक वर्षबाट फटाफट काम गर्न थालेको निर्माण कम्पनीले भुक्तानी नहुँदा काम गर्न समस्या परिरहेको बताउने गरेको छ । तर सरकारी पक्षले सडक निर्माणमा काम अनुसार रकम भुक्तानी भइरहेको दाबी गर्ने गरेको छ ।
सडक निर्माणको जिम्मेवारी लिएको ठेकेदारले सम्झौता अनुसार समयमै काम पूरा नगर्दा यात्रुहरूले सास्ती बेहोरिरहेका छन् भने सडक आसपासका बासिन्दा सुख्खायाममा धुलो र वर्षादमा हिलोको पीडा सहन बाध्य छन् ।

आसपासका बासिन्दाले बाटो निर्माण कम्पनीलाई कम्तिमा दिनमा एक पटक भिज्ने गरी पानी हाल्न अनुरोध गरे पनि सुनुवाइ नभएको पीडित तारा पौडेलको गुनासो छ ।

### 'सडक...

वडाध्यक्ष अविरल कृष्ण खरेलले सभामुखमार्फत निर्माणाधीन सडकका विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए । स्थानीयको तर्फबाट खरेलले बजेटको व्यवस्थापन मिलाइदिन सभामुखलाई आग्रह पनि गरेका छन् । छलफलमा सभामुख घिमिरेले सौर्य ऊर्जामा आधारित विद्युतीय तारबारको संरक्षण गर्न सके हात्ती नियन्त्रणमा सघाउ पुग्ने विश्वास व्यक्त गर्दै यसलाई विस्तार गर्ने सन्दर्भमा आफ्नो ध्यानाकर्षण भएको बताए । वडाध्यक्ष खरेलले नेत्रपार्कको विकासका लागि कतैबाट बजेट उपलब्ध नभएको जनाउँदै सभामुखको ध्यानाकर्षण गराए । नेत्रपार्कलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने स्थानीयको योजना सुनाउँदै वडाध्यक्ष खरेलले प्रवेशद्वारमा रहेको काठे पुल विस्थापित गरी नयाँ पुल बनाउने वातावरण मिलाउन समेत आग्रह गरिएको बताए । छलफलमा प्रदेश सरकारका खानेपानी , सिंचाई तथा ऊर्जा मन्त्री एकराज कार्की, बिर्तामोड नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, राष्ट्रिय सभाका पूर्व सदस्य हरिचरण शिवाकोटी, एमाले बिर्तामोड नगर अध्यक्ष सुवास भट्टराईलगायतको सहभागिता रहेको थियो ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार उत्तरः श्री राम राजवंशीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ७ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री कृष्ण देवी चुडालले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९० १६० | ६७० | १५२.३७ | २०८१/०८ /२१ | २०८१/०८ /२१ | २०८१/०९/२६ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री जयनारायण यादव, पश्चिमः बेचु विश्वकर्मा, उत्तरःराल्फा यादवको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री लक्ष्मी बहुउदेश्यीय सहकारी संस्थाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९० ०८०१६ | ५५ | ३४८६ | २०८१/०५ /२५ | २०८१/०५ /२५ | २०८१/०८/१६ |

## झापा गोल्ड कपको विधान २०७४ को दफा १३ मा व्यवस्था भए बनुसार गठन हुने कार्य समितिको निर्वाचन तालिका

मितिः- २०८१/०९/१५

१) **प्रथम मतदाता नामावली प्रकाशनः** २०८११०९१२८ गते विहान ११ बजे ।
२) **मतदाता नामावली माथी दावी विरोध तथा थपघटः** २०८१।०९।२९ गते दिनको १२ बजेसम्म ।
३) **अन्तिम मतदाता नामावली प्रकाशनः** २०८१/०९/२९ गते दिनको १२:१५ बजे ।
४) **उम्मेद्वार दर्ता** : २०८१/०९/२९ गते दिनको १ बजेदेखी २:३० बजेसम्म ।
५) **प्रथम उम्मेद्वार नामावली प्रकाशनः** २०८१।०९।२९ गते दिनको २:४५ बजे ।
६) **उम्मेद्वार नामावली माथी दावी विरोध** : २०८१।०९।२९ गते दिनको ३:३० बजेसम्म ।
(७) **उम्मेद्वारको दोस्रो नामावली प्रकाशन** : २०८१।०९।२९ गते दिनको ३४५ बजे ।
८) **उम्मेद्वार नाम फिर्ता लिने** :२०८१/०९/२९ गते बेलुकी ४ बजेसम्म ।
९) **उम्मेदारको अन्तिम नामावली प्रकाशन** : २०८१/०९/२९ गते दिनको ४.१५ बजे ।
१०) **मतदान** : २०८१/१०/०२ गते बिहान ८ बजेदेखि दिनको १ बजेसम्म ।
११) **मतगणना** : २०८११०१०२ गते मतदान सकिएपछि समय निर्धारण गरेर ।

**निर्वाचन संयोजक**





नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# भूकम्पप्रति सचेत बनौ

**नेपाल विश्व भूकम्पीय जोखिमका हिसाबले ११ औँ स्थानमा परेको बताउने गरिन्छ । नेपालको भौगोलिक स्वरूप भारतीय र एसियन प्लेटको बिचमा पर्ने भएकाले भौगर्भिक हलचल बढी भई भूकम्पीय जोखिममा हुन गएको भूगर्भविद्को भनाइ रहँदै आएको छ । हिन्दकुश पर्वत शृंखला नै लाखौँलाख वर्षको भौगर्भिक हलचलकै कारण उठ्दै गएको मान्ने हो भने यस क्षेत्रले भूकम्पीय जोखिमलाई सामान्य लिँदै त्यस अनुसारको सचेतना अपनाउनुपर्ने हुन्छ । भूकम्प आफैँले मानिस र धनसम्पत्तिको भयानक क्षति गर्दैन । मानिसले जीवन चलाउन तथा भौतिक सुखसुविधाका निम्ति बनाएका संरचनालाई भूकम्पले क्षति गर्छ ।**


**विज्ञको भनाइमा पृथ्वीको सतहभित्र कम्पन हुँदा भूकम्पको धक्का महसुस हुन्छ । पृथ्वीको सतहमा हलचल उत्पन्न गर्दा पृथ्वीको भित्री भागमा रहेको उच्च तापमानको क्षेत्रमा तनाव धेरै बढ्छ । त्यसले पैदा गर्ने गतिले भित्री भागलाई असन्तुलित बनाउँछ । त्यसबाट शक्ति पैदा हुन्छ । सो ऊर्जा बाहिर आउन खोज्छ । ऊर्जा मुक्त हुँदा कम्पन पैदा गर्छ । यस कम्पनले पृथ्वीको सतहमा झट्का दिन्छ र त्यही नै भूकम्प हो । पृथ्वीको बाह्य सतह अर्थात् लिथोस्फियर विभिन्न ठुला चट्टानी भागमा विभाजित छ । त्यसलाई प्लेट भनिन्छ । यी प्लेटहरूबिच भएको घर्षण नै भूकम्प उत्पन्न हुने मूल कारण हो । भूकम्प एक भौगर्भिक प्रक्रिया भए पनि यसलाई न रोक्न सकिन्छ न त अध्ययन अनुसन्धानबाट यसको समय तालिका अनुसार भविष्यवाणी नै गर्न सकिन्छ । टेक्टोनिक प्लेटहरूबिचको अन्तरसङ्घर्षका कारण भूकम्प जान सक्ने कुरा भने विगतको भूकम्प अध्ययन गरेर पनि आकलन गरिने प्रवृत्ति देखिन्छ ।**

**विगतमा नेपाललगायत यस क्षेत्रमा हिमालय क्षेत्रमा ठुलठुला भूकम्प गएका छन् । सन् १८९७ मा भारतको आसाम, सन् १९०५ मा भारतको काङ्गरा, सन् १९३४ मा नेपाल–भारतको सिमाना र सन् १९५० मा भारतको आसाममा ठुला भूकम्प गएका थिए । पश्चिममा अफगानिस्तानदेखि पूर्वमा म्यान्मारसम्मको करिब दुई हजार पाँच सय किलोमिटर हिमशृंखलाको मध्य भागको करिब आठ सय किलोमिटर अर्थात् एक तिहाइ भाग नेपालले ओगटेको छ । टेक्टोनिक प्लेटबिचको टकरावका कारण ऊर्जा सञ्चितिमा समय समयमा विनाशकारी भूकम्पको माध्यमबाट हुने विसर्जनले आउने भूकम्पप्रति सचेत हुनु नै जरुरी छ ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सहकारी समस्या समाधान प्रयास



• **नगेन्द्रराज पौडेल**

लामो समयसम्म देखिएका सहकारीका समस्या समाधानका लागि सरकार अघि बढेको छ । सामान्य नागरिकले दुखजेलो गरेर कमाएको रकमको केही अंश दुःख पर्दा काम लाग्छ भनी सहकारीमा सञ्चय गर्ने चलन छ । त्यही रकम भनेको बेलामा नपाएपछि पीडा त हुन्छ नै, कतिपयको घर व्यवहारसमेत बिग्रन्छ । अहिले हामीकहाँ करिब ५०० सहकारी समस्याग्रस्त देखिएका र तिनमा सङ्कलित लगभग २.५ खर्बको रकम अपचलन भएको अनुमान छ ।
सहकारीमा देखिएको अनियमितता र रकम अपचलनमा संलग्न भएको उजुरीका आधारमा सरकारले १७ सय जना जतिलाई पक्राउ पुर्जी जारी गरिसकेको छ भने कैयौँ व्यक्तिलाई हिरासतमा लिएर छानबिन अघि बढाइएको छ । सरकारले तेरो मेरो नभनी, उच्च पदथ पदाधिकारी पनि नभनी जो, जो दोषी देखिन्छन् तिनी सबैलाई कानुनी दायरामा ल्याउन प्रयासरत छ । यस क्रममा पूर्वगृहमन्त्रीदेखि सत्तारूढ दलका उच्चपदस्थ व्यक्तिसमेत छानबिनको दायरामा ल्याएर सरकारले सहकारी पीडितप्रति संवेदनशील भएको प्रमाणित गर्न खोजेको छ । यो सकारात्मक पक्ष हो ।
अर्थतन्त्रका तीन खम्बा मानिन्छन् र ती हुन् सार्वजनिक, निजी र सहकारी । राज्यको लगानीबिना नै अर्थतन्त्रको सबलीकरण र स्वावलम्बन संस्कृति विकास गर्न सहकारी स्वचालित हुने हैसियत राख्छन् । नेपालमा सहकारीको सुरुआत अनौपचारिक रूपमा २००० सालबाट नै भएको भनिन्छ । विसं २०१० मा सहकारी विभागको स्थापनासँगै यो क्षेत्र औपचारिक रूपले अघि बढेको हो । आजसम्म प्राप्त तथ्याङ्कले २० चैत २०१३ मा स्थापित चितवनस्थित शारदा नगरको बखान बहुउद्देश्यीय सहकारी संस्थालाई नेपालकै पहिलो सहकारी मानेको छ ।

आजको युग सहकार्य, समन्वय र सहयोगात्मक भावनाको युग हो । विगतमा हाम्रा पुर्खाले ‘एकल थुकी सुकी सयले थुकी नदी’ भन्ने गर्थे । धेरै जना मिलेर समूहमा उही काम गर्दा त्यसले राम्रो परिणाम दिन्छ, जबकि एक्लै त्यो काम गर्ने हो भने त्यो कतै हराउँछ भन्ने आशय यो पङ्क्तिले दिन्छ । संस्कृतमा एउटा भनाइ छ, ‘संघे शक्ति कलीयुगे’ अर्थात् एकल होइन सङ्गठन भएर बस्दा नै बलियो हुन सकिन्छ । सामूहिकतामा नै बल हुन्छ भन्ने आशय यसले दिन्छ ।
यी भनाइले वर्तमानको सहकारिताको प्रतिनिधित्व गरेका छन् । सहकारीको उद्‍भव यसै ऐतिहासिक पृष्ठभूमिमा भएको हो । सदस्यको संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणबाट सञ्चालित व्यवसायमार्फत आफ्ना साझा आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय आवश्यकता एवं आकांक्षा पूरा गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिको स्वायत्त सङ्गठनलाई सहकारी भन्ने गरिन्छ । यसले सामूहिकताको प्रतिनिधित्व गर्छ ।

२०१० सालमा सहकारीकै व्यवस्थापन गर्न भनी सहकारी विभाग गठन भएको हो । २०१३ सालदेखि सहकारी दर्ता हुन थालेको पनि हो । २०४८ मा पहिलो सहकारी ऐन जारी भयो । यसपछि सहकारी जन्मने क्रम बढेको हो । २०६१ मा नेकपा एमालेका अर्थमन्त्री भरतमोहन अधिकारीले ‘गाउँ गाउँमा सहकारी घर घरमा रोजगारी’ को नारा अघि सारे । त्यसै गरी नेकपा माओवादी पहिलो पटक सरकारमा जाँदा प्रचण्ड नेतृत्वका अर्थमन्त्री डा. बाबुराम भट्टराईको पालामा २०६५ सालमा ‘गाउँ गाउँमा सहकारी घर घरमा भकारी’ को नीति अघि सारियो । उहाँकै पालामा सहकारी मन्त्रालयको स्थापना भयो । यी नाराले सहकारीको संख्या त बढायो तर नियमन हुन सकेन ।
हाल नेपालमा ३१ हजार ४५० सहकारी रहेको र यसमा ८३ लाख ८१ हजार २१८ जना आबद्ध रहेको एक सार्वजनिक स्रोतले जनाएको छ । साना, ठुला सबै खाले सहकारीमा ९४ अर्ब १५ करोड सेयर पुँजी लगानी गरिएको छ । यसरी हेर्दा एक सहकारी बराबर ९४६ जना नेपाली आबद्ध रहेको देखिन्छ । यो संख्या कुल जनसंख्याको झन्डै २५ प्रतिशत हो । विभिन्न प्रयोजनका लागि ऋण लिनेमध्ये १८ प्रतिशत जनसंख्याले सहकारीबाटै ऋण लिने गरेको देखिन्छ ।

आज सहकारीको नियमित अनुगमन र निरीक्षण नहुँदा कैयौँ सहकारी बाटो बिराएका छन् । सहकारीभित्र सुशासनको अभाव देखिँदै छ । सदस्य र सहकारीबिचको सम्बन्ध हार्दिक छैन । व्यवस्थापन र सञ्चालकमा एकै व्यक्ति देखिन थालेका छन् । संस्था स्वनियमनमा छैनन् । भनिन्छ, सहकारी दुःखबाट सुरु हुन्छ, नहुनेलाई पोल्टो भरिदिन्छ । यो पवित्र उद्देश्यबाट स्थापित सहकारीमा आज मात्र होइन, विगतदेखि नै समस्याग्रस्त देखिन थालेको हो । सहकारीको मर्मविपरीत गैर सदस्यबाट पनि बचत र ऋण कारोबार गरिएको छ । सञ्चालकसँग पैसाको तुजुक छ, सहकारीको साक्षरताको पनि ज्ञान छैन । आफन्तलाई बिनाधितो/कम धितोमा बढी लगानी गरिएको छ ।
सहकारीकै अनियमितता छानबिन गर्ने क्रममा सर्वप्रथम सरकारले २०२४ सालमा केन्द्रीय सहकारी छानबिन समिति गठन गरेको थियो । पछिल्लो पटक १५ जेठ २०८१ मा सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी संसदीय छानबिन समिति गठन गरिएको थियो र यो १३ औँ समिति पनि थियो । सहकारीका समस्या समाधान हेतु यो समितिले दिएको प्रतिवेदनसमेतका आधारमा वर्तमान सरकार अघि बढेको पाइएको छ । बचतकर्ताको रकम क्रमशः फिर्ता गर्दै जानका लागि सहकारीमैत्री अध्यादेश जारी गरेर सरकारले सहकारी समस्या समाधानका लागि पहल गरेको छ । यद्यपि सबै सहकारी सङ्कटग्रस्त छैनन् । केही सहकारीका कारण राम्रा पनि घानमा परेका मात्र हुन् । यसको मूल कारण संस्था दर्ता गर्ने तर अनुगमन गर्न नसक्नु नै हो ।
नेपालमा धेरै जसो सहकारी सहकारी भावना र आधार मूल्यबाट विषयान्तर भई सहकारी अभियानमाथि नै प्रश्न खडा गर्नेतर्फ गइरहेको भान हुन्छ । तसर्थ आगामी दिनमा कडाइका साथ अनुगमन हुन जरुरी छ । सहकारीमा जोखिम त छँदै छ, संस्था सङ्कटग्रस्त पनि बन्न थालेका छन् । यस कारण अनुगमनका लागि सरकारका तीन वटै तह (संघ, प्रदेश र स्थानीय) का नियामक निकाय परिचालित हुनु जरुरी छ । सहकारीको आर्थिक क्रियाकलाप त्यसका सदस्य र सरोकारवालाका लागि पारदर्शी हुन जरुरी छ । साधारण सभाबाट चुनिएका व्यवस्थापन समितिका पदाधिकारीमा कार्यकुशलता र सञ्चालक समितिका पदाधिकारीमा उदाहरणीय नेतृत्व शैली हुनु पर्छ । समाजमा देखिने आर्थिक, सामाजिक परिवर्तनको संस्थामा पर्ने प्रभावबारे व्यवस्थापन साह्रै चनाखो हुनु पर्छ ।
नेपालमा सहकारीलाई नियामन, प्रशासन र प्रवर्धन गर्ने प्रयोजनका लागि उत्पादक सहकारी, उपभोक्ता सहकारी, वित्तीय (बचत तथा ऋण) सहकारी, श्रमिक सहकारी र बहुउद्देश्यीय सहकारी गरी पाँच प्रकारमा वर्गीकरण गरिँदै आएको छ । कुनै विषयलाई कार्यक्षेत्र बनाई दर्ता भएका सहकारीले त्यसमै मुख्य कारोबार गरी तोकिएको परिमाणमा मात्र अन्य विषयमा कारोबार गर्न पाउँछन् । नेपालमा धेरै जसो सहकारीले दर्ताका समयमा कुनै व्यावसायिक क्रियाकलापलाई मुख्य भनी उल्लेख गर्ने र बचत तथा ऋण कारोबारमा बढी संलग्न रहने प्रवृत्ति देखिएको छ । कुनै एक प्रयोजनका लागि दर्ता भई बढ्दो महत्वाकांक्षाका कारण बहुविषयमा हात हाल्न खोज्ने रहर पनि सहकारीको आजको अवस्थाका लागि जिम्मेवार छन् । यस्ता विषयमा अनुगमन, नियमन हुन जरुरी थियो तर हुन सकेन ।
पछिल्लो पटक सरकारले सहकारी संस्थाको नियमन र बचतकर्ताको डुबेको रकम फिर्ता गर्न अध्यादेश ल्याएर राम्रै काम गरेको छ । अध्यादेशमा समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपियाँसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्ने व्यवस्था सकारात्मक छ । यसको कार्यान्वयन हुन जरुरी छ । सहकारीमा हरेक आर्थिक वर्षको समाप्तिसँगै गरिने आन्तरिक लेखा परीक्षण र त्यसले दिएका सुझाव कडाइका साथ पालना गर्ने व्यवस्था हुनु पर्छ । सम्भाव्यता अध्ययन र विश्लेषण गरेर मात्र सहकारी दर्ता गर्ने, जुन प्रयोजनका लागि खोलिएको सरकारी हो, त्यसले सोही काम मात्र गर्न पाउने गरी नियमन गरिनु पर्छ । समस्याग्रस्त सहकारीको जिम्मेवार सहकारी विभागले पनि लिनु पर्छ, किनभने संस्था दर्तादेखि अनुगमनको पाटो उसको पनि हो ।
ऋणीले रकम लैजाने क्रममा राखेको धितो बेचबिखन वा लिलामी प्रक्रियामा गएर भए पनि असुल गर्नु पर्छ ताकि अन्य बचतकर्ताको रकम फिर्ता हुन सकोस् । एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुन नपाउने व्यवस्थालाई कडाइका साथ लागु गर्नुपर्ने हुन्छ । साथै सञ्चालक समितिको कार्यकाल पनि दोहोरिने गरी बनाउने छुट दिनु हुँदैन ।

# राजनीति र कूटनीतिमा नेपाल



• **राजीव कुँवर**

लोकतान्त्रिक राजनीतिक प्रणालीमा तीन प्रमुख गतिविधिको चर्चा, परिचर्चा र समालोचना हुन्छ । दैनिक सार्वजनिक मामिलामा यी गतिशील गतिविधिमा राजनीति, कूटनीति तथा पाँचौँ अङ्ग प्रशासनतन्त्र हाबी छन् । सर्वोच्च शक्तिको स्रोत भनेको जनता हो । संविधानप्रदत्त अधिकार, कर्तव्य र दायित्व प्रधान छन् । आज नेपालको राजकीय र शासकीय स्वरुप सातौँ संविधानमा प्रस्ट उल्लेख गरिएको छ । नेपालले राजनीति र कूटनीति अन्तरसम्बन्धको परिदृश्यमा परिपक्व सक्रियता चाहेको हो । यसबारे आमनागरिकले खोजेको राजनीतिक स्थायित्व, आर्थिक तथा मानवीय सुरक्षा र अनावश्यक तनाव व्यवस्थापनको सेरोफोरोमा खुला, स्वच्छ, सभ्य र सुसंस्कृत आचरण नै हो ।

भूसामरिक र भूराजनीति महत्व भएको नेपालमा परराष्ट्र सम्बन्ध सञ्चालन गर्दा छिमेकी देशले आन्तरिक राजनीति अस्थिर होस् भन्ने चाहँदैन । अस्थिर सरकार र शासनले निम्त्याउने अनिश्चितता र अराजकताले शान्ति सुरक्षामा असर पुर्‍याउँछ मुलुक र छिमेकमा समेत । यसले छिमेकीमा समेत चिन्ता वृद्धि गर्छ । द्विपक्षीय सम्बन्धमा नेपालको आन्तरिक मामिलाबारे छिमेकी देशले सदासयता प्रस्तुत गर्छन् तर व्यवस्थापन तथा जिम्मेवारी सरकारकै दायित्व हो । आन्तरिक राजनीतिबारे कूटनीतिक भेटघाटमा चिन्ता व्यक्त गर्नु तर व्यवहारमा खासै चासो नदिनु मुख्य समस्या हुन्छ, कूटनीतिमा ।

सीमाविहीन राजनीति पनि कूटनीतिमा देखिनु नौलो विषय होइन । विगतमा पनि वाद, प्रतिवाद तथा संश्लेषणसँगै आन्तरिक राजनीतिको प्रणालीगत ढाँचामा सीमा बाहिर ऐक्यबद्धता देखिन्छ । उदाहरणका लागि समाजवाद र साम्यवादको व्याख्या र दलीय भेटघाटले राजनीतिक गतिविधिमा व्यावहारिक र बौद्धिक चासो पनि रहेको देखिन्छ । लोकतन्त्रको बहालीपछि छिमेकीको चासो झनै बढेर गएको छ ।
कूटनीति र परराष्ट्र सम्बन्धमा गुणस्तर वृद्धि गर्दै राजनीतिक समुदाय र अन्तर्राष्ट्रिय एकाइबाट राज्यको बचावट र सुरक्षा सुनिश्चित गर्ने शैली देखा पर्नु सकारात्मक कदम हो । भारत र चीनसँग अनुदान र ऋण लिने कूटनीतिक लेनदेनको उपाय पुरानो भयो ।
नेपालको पनि कठिन भूगोलमा गरिबी, बेरोजगार र अविकासको हल गर्न आवश्यक लगानी, व्यापार र वाणिज्यमा पनि गम्भीर ध्यान आकृष्ट गर्नु पर्छ दुवै छिमेकीलाई । सम्मानजनक आर्थिक वृद्धि र विकासको हकदार नेपाल पनि छ । विश्वका ठुला अर्थतन्त्र भएका छिमेकी सिमानामा हुँदा नेपाल गरिब छ भन्नु र सुनिनु दुवै देशका लागि पनि राम्रो नलाग्नु पर्ने हो ।
सन् १९९० वा विसं २०४७ देखिका द्विपक्षीय तथा बहुपक्षीय संयुक्त विज्ञप्ति र समझदारीपत्र पनि बिर्सन हुँदैन । त्यही सम्झौता र बुझाइलाई आज पनि परिष्कृत र परिमार्जन गर्दै त्यसका बुँदाको बारे पैरवी र हेक्का राख्दै अघि बढे राजनीति र कूटनीति अब्बल हुन्छ । एउटै दलको सरकारले पनि गर्ने कर्म त्यही नै हो । कूटनीतिक नोट तथा बुझाइ अझ फराकिलो र समावेशी बनाउँदै शान्ति र अमनचैन कायम राखी आपसी सम्बन्ध बढाउँदै जानु पर्छ ।
स्वदेशी महाविद्यालय तथा विश्वविद्यालयको शिक्षा, सिकाइ र ज्ञान झन् आवश्यक र अपरिहार्य छ । राजनीति र कूटनीतिको क्षेत्रमा विज्ञता र सरोकारलाई व्यापक बनाउन । शासन र प्रशासनले आफ्नो भूमिकालाई भने अझै बलियो र जिम्मेवार बनाउनु पर्छ । जिम्मेवारी र उत्तरदायी भावनाबाट ओतप्रोत भए मात्र लोकतन्त्रको सौन्दर्य पुष्टि हुन्छ, होइन भने सामान्यीकरण गरेर पन्छिए भने त्यसको जोखिम वहन गर्न गाह्रो हुन्छ । आज सीमा पारी र समुद्रपार देशमा गैरआवसीय नेपालीको आवाज पनि नकार्न नसकिने समय छ ।
पश्चिमा देशका नागरिकले आन्तरिक दलीय राजनीतिक गतिविधि स्वदेशभन्दा बाहिर गर्दैनन् । बरु सार्वजनिक मामिला व्यवस्थापनका लागि श्रेष्ठ उपाय लोकतान्त्रिक मूल्य मान्यता तथा आदर्शबाटै हुने दर्शाउँछन् । गैरआवसीय भारतीय यस गतिविधिमा विदेशमा नेपालीभन्दा अघि देखिन्छन् । उनीहरू बौद्धिक तथा कर्मथलोमा उपनिवेशकालदेखि राजनीतिक तथा आर्थिक संलग्नतामा चेतनशील भएर होला । यो अपवाद नै हो । पश्चिमा जगतमा चिनियाँ पनि लोकतन्त्रको वकालत गर्दै स्वेदशको आलोचना गर्ने पनि छन् । चिनियाँ नागरिक चीन बाहिर पश्चिमाको इख लिने पनि छन् र स्वदेशमै आफ्नो सिप तथा ज्ञानको कर्म गर्न फर्किन्छन् । साम्यवादी चीन सरकारले त्यस्ता चिनियाँको ज्ञान, श्रम र सिप दोहन गर्न वातावरण अनुकूल बनाउने वाचा गर्दै आएको छ त्यसैले त आर्थिक विकासमा धेरै अगाडि पुगेको हो । नेपालका गतिविधि हेर्ने हो भने विदेशमा पनि दलीय चरित्रका संघ सङ्गठन र सक्रियता बढेर गएको छ । गैरआवसीय नेपालीले विदेशमा समेत यस्तो चेत हुर्काएका छन् । नेपालको चर्को राष्ट्रवाद नेपालभन्दा बाहिर छ । त्यो कत्तिको जायज छ, त्यसको विश्लेषण आवश्यक छ । विगतमा नेपालले व्यक्त गरेको परराष्ट्र मामिलामा निर्णय र नीति स्वीकार्य र सम्मानजनक थियो । यही विरासतलाई कायम राख्दै उन्नत बनाउन पहल र अग्रसक्रिय हुँदा गतिलो सन्देश जान्थ्यो संसारभर । नेपाली शासक, कूटनीतिज्ञ तथा राजनीतिज्ञमा परिपक्वता अझै पुष्टीकरण गर्ने र नयाँ नेतृत्वको हुर्काइ र हस्तान्तरणलाई गम्भीरतापूर्वक लिनु र जिम्मेवारीवोध गर्नु अपरिहार्य छ । सिकाइ, पाठ तथा सुधार पनि सँगसँगै गर्ने हो । यस्ता विषय पनि बोध गराउन नयाँ नेतृत्वप्रति कन्जुस्याइँ नगरौँ । सबैभन्दा उच्च प्राथमिकता आन्तरिक शासनको प्रबन्ध ठिक पार्ने र तालमेल जुटाइ कूटनीतिक क्षेत्रबाट पनि लाभ लिने हो । यो लाभ राष्ट्रिय हितमा भण्डारण गर्ने हो ।
राष्ट्रिय हितको प्राथमिकतामा तीन विषय-राष्ट्रिय अखण्डता, राष्ट्रिय कल्याण र राष्ट्रिय सुरक्षालाई प्राथमिकतामा राख्नु पर्छ । यिनै तीन विषयले मात्र मुलुकको अस्तित्व रक्षामा भूमिका खेल्ने छन् । भविष्यमा राजनीति र कूटनीतिक क्षेत्रमा मुलुकलाई सबल र उन्नत बनाउने हो भने यी तीन विषयलाई प्रमुखताका साथ अँगालेर अघि बढ्नु पर्छ ।
नेपालको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌ले आफ्नो कार्य विवरण अनुसारको कार्यसम्पादन एकीकृत ढङ्गबाट गर्दै विगतका ढिलासुस्ती र अस्वीकार्य रणनीतिलाई त्याग्नु पर्छ । नेपालको कार्यकारी समूह पनि सामूहिक रूपमा बलियो र सङ्गठित भई प्रस्तुत र प्रतिस्पर्धी हुन अर्जुनदृष्टि लगाउन पर्छ । मन्त्रालयको कार्य विवरण पनि परिवर्तन पछि जारी भएको र त्यसकै सेरोफोरोमा कार्यसम्पादन गर्दै नतिजा दिने हो । हिजोको बेवास्तालाई मन्त्रालयको जुझारुपना र छरितो व्यवस्थापनले विस्थापन गर्ने हो । राजनीतिक समीकरणको गतिविधिमा शासन र शासकीय मामिला कमजोर बनाउने विन्दुमा नपुग्दै प्रशासकीय इच्छाशक्तिलाई बलशाली बनाएर सेवा प्रदान गर्ने दायित्व नभुलौँ । अस्थायी सरकार र स्थायी सरकारको सीमा र सम्बन्ध पनि प्रस्ट र दरिलो हुने आवाज फेरि पनि दोहोर्‍याउनु लज्जास्पद छ । राजनीतिले प्रशासनिक प्रणालीमा हस्तक्षेप गरे वा कर्मचारीले राजनीतिलाई आमन्त्रण गर्दाको परिणामले आमनागरिकमा नकारात्मक भावना पैदा भएको छ ।
परराष्ट्र नीति र कूटनीतिक आचार संहिता पनि पूर्ण रूपमा पालना गर्ने र गराउन कडा रूपमा प्रस्तुत हुनु पर्छ । अन्य संघीय मन्त्रालय, प्रादेशिक तथा स्थानीय सरकारको वैदेशिक चासोको आवाजमा पनि फराकिलो परिवेश सिर्जना भएको छ, त्यसलाई अझै फराकिलो बनाऔँ । समन्वय, सहकार्य र सञ्चारमा आधारित कारबाही प्रशासन तथा शासन सञ्चालनको सिद्धान्त र आधार व्यवहारमा चरितार्थ अहम् छ । उत्ताउला टीका टिप्पणी हटाएर लोकतन्त्रमा राजनीति र कूटनीतिले सार्वजनिक र अन्तर्राष्ट्रिय मामिला मजबुत बनाउन सक्छ । राजनीतिक र कूटनीतिक सञ्चार सभ्य र गुणस्तरीय बनाऔँ । नेपालको शक्ति प्रदर्शन गर्न पनि लक्ष्य राख्नु हो । कठिनाइ, विभिन्न हाँक र चुनौती थपिए पनि आज परराष्ट्र नीतिको उद्देश्य प्रशासन र शासन सक्षम बनाउनु हो । प्रजातन्त्रको दोस्रो पुनर्स्थापना र लोकतन्त्रको बहालीले आजको समयमा हरेक क्षेत्रमा कडा प्रतिस्पर्धा छ । विशेष गरी यस्तो राजनीतिक गतिविधि इतिहासको कालखण्डमा बिरलै छ । आउने दशकमा अझै व्यावसायिक र पेसागत मूल्यमान्यता र सिद्धान्तमा अडान र सार्वजनिक सेवा २० औँ शताब्दीको जस्तो हुने देखिँदैन । लोकतन्त्रले स्वतन्त्रता, उदारवाद र कर्तव्यप्रति जागरणको मौका दिएको छ । लोकतन्त्र र उदारवादले न्याय दिलाए मात्र सामाजिक र आर्थिक विकासले पनि गति लिने हो । नरम तथा कडा शक्ति क्षेत्र-अर्थतन्त्र, संस्कृति र राजनीतिक आदर्श तथा सुरक्षा कवच-दुवैको सबलताले नेपालको शक्तिको परिकल्पना यथार्थमा बदलिन सक्छ ।

❖ बाँकी तेस्रो पृष्ठमा

# रोकिन थाल्यो सिमेन्ट निर्यात

झापा(प्रस)। भारत सरकारको ब्युरो अफ इन्डियन स्ट्यान्डर्स (बिआइएस) ले गुणस्तरसम्बन्धी इन्डियन स्ट्यान्डर्स इन्स्टिच्युट (आइएसआई) मार्क (सर्टिफिकेट) नवीकरण नगर्दा नेपाली सिमेन्ट निर्यात रोकिएको छ । नेपाली सिमेन्ट उत्पादकले नवीकरणका लागि समयमै निवेदन दिँदा पनि भएका कारण नवीकरण नहुँदा चिन्ता थपिएको अग्रवालले बताए । "हाम्रो सबै प्रयासले काम गरेन, अब सरकारले यसमा पहल गर्न जरुरी छ," उनले भने । आइएसआई नवीकरण नहुँदा कृष्णनगर नाका हुँदै भारततर्फ निर्यात भइरहेको सम्राट् सिमेन्टको निर्यात पनि रोकिएको छ । रुपन्देहीस्थित अर्घाखाँची सिमेन्ट हुँदै घोराही सिमेन्ट, रुपन्देहीको बेलहिया नाका हुँदै पाल्पा र सर्वोत्तम सिमेन्टले भारततर्फ सिमेन्ट निर्यात गरिरहेका छन् तर यी उद्योगको पनि आइएसआई मार्क नवीकरण अवधि केही महिनाभित्रै सकिँदै छ । उद्योगीका अनुसार भारतले यसै गरी नवीकरण नगर्दै जाने हो भने केही समयपछि सबै जसो उद्योगले गर्दै आएको सिमेन्ट निर्यात रोकिने छ ।



भारतले गुणस्तर चिह्न र आयात अनुमति दिएपछि भैरहवा नाकाबाट आर्थिक वर्ष २०७९/८० मा ३१ करोड छ लाख र आव २०८०/८१ मा एक अर्ब ६५ करोड ८६ लाख रुपियाँ बराबरको सिमेन्ट निर्यात भारतीय पक्षबाट नवीकरण नभएको उद्योगीले जनाएका छन् । नवीकरणका लागि तीन महिनाअघि नै निवेदन दिए पनि नभएको बालाजी सिमेन्ट इन्डस्ट्रिजका प्रबन्ध निर्देशक रौनक अग्रवालले बताए । "समयमै निवेदन दिँदा पनि भारतले न नवीकरण गरेको छ न कारण नै खुलाएको छ," उनले भने । नवीकरण नभएपछि उद्योगी चिन्तित बनेका छन् । उद्योगीको सबै प्रयास विफल लिमिटेडको निर्यात पनि ठप्प छ । अर्घाखाँचीको २०८१ असोज ९ देखि निर्यात रोकिएको हो । अर्घाखाँचीले दुई वर्षमा करिब ५५ करोड रुपियाँको सिमेन्ट निर्यात गरेको थियो । अर्घाखाँची सिमेन्टका नायब महाप्रबन्धक कृष्णप्रसाद पाण्डेका अनुसार विगतमा भारतले आइएसआई मार्क नवीकरण गरे पनि यस वर्ष भने अवधि सकिएका कुनै पनि उद्योगको नवीकरण गरेको छैन । अहिले कृष्णनगर नाका भएको थियो । चालु आवको मंसिर मसान्तसम्म ४३ करोड ४० लाख रुपियाँ बराबरको दुई लाख ५९ हजार ७२१ टन सिमेन्ट भारततर्फ निर्यात भएको छ । पछिल्लो समय नेपालमा सिमेन्ट खपत कम छ । भैरहवा भन्सारका अनुसार बेलहिया हुँदै भारततर्फ निर्यात हुने मुख्य १० वस्तुमा सिमेन्ट र सिमेन्ट क्लिङ्कर पर्छ तर पछिल्ला महिनामा केही उद्योगको निर्यात रोकिँदा बिस्तारै निर्यात घटिरहेको छ ।

# देशगत रूपमा अभिमुखीकरण तालिम दिनुपर्ने




झापा(प्रस) । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई जानुपूर्व प्रदान गरिने अभिमुखीकरण तालिम देशगत रूपमा दिनुपर्ने भएको छ । वैदेशिक रोजगार विभागले तालिम प्रदायक संस्थाहरूलाई देशगत समूहमा तालिम दिन निर्देशन दिएको हो ।

आगामी माघ १ गतेदेखि त्यस्ता संस्थाहरूले देशगत रूपमा पूर्वप्रस्थान तालिम प्रदान गर्नुपर्ने भएको हो । विभागले गत पुष ३ गतेदेखि फेसटाइम एटेन्डेन्स एण्ड आइरिस रिकग्निसन सिस्टम लागू गरेको थियो ।

आइरिस सिस्टम लागू भएसँगै विभागले वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई देशगत रूपमा तालिम प्रदान गर्न निर्देशन दिएको हो ।

उक्त सिस्टम लागू भएसँगै अनिवार्य रूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिमका लागि भौतिक रूपमा नै कक्षामा उपस्थित हुने गरेका छन् । विभागले देशगत क्लस्टर लागू गर्न निर्देशन दिँदै सोही आधारमा पूर्वतयारी गर्न भनेको हो ।

यसअघि क्लस्टर तालिम सञ्चालन अनुमतिप्राप्त संस्थाले माघ १ देखि तोकिएको क्लस्टर अनुसारको तालिम सञ्चालन गर्नुपर्ने भनेको छ । देशगत क्लस्टर सञ्चालन अनुमतिका लागि निवेदन नदिएका वा निवेदन दिएपनि छनोट नभएका संस्थाले २८ पुषभित्र आफूले सञ्चालन गर्ने देशगत क्लस्टर समूह, पूर्वाधार र प्रशिक्षकहरूको योग्यता खुलाए निवेदन दिएर छनोट भएपछि माघ १ देखि नै देशगत तालिम सञ्चालन गर्नुपर्ने विभागले जनाएको छ ।

देशगत क्लस्टर तालिम संचालनअनुमति पाएका संस्थाले एकभन्दा बढी क्लस्टरमा तालिम सञ्चालन गर्न वा तोकिएको क्लस्टर परिवर्तन गर्न चाहेको अवस्थामा आफूले सञ्चालन गर्न चाहेको पूर्वाधार र प्रशिक्षकको योग्यता खुलाई कम्तीमा ७ दिन अगाडि नै निवेदन दिनुपर्ने प्रावधान छ ।

# राष्ट्रिय परिचयपत्रका आधारमा पनि बैंक खाता खोल्ने सुविधा




झापा(प्रस)। राष्ट्रिय परिचयपत्रका आधारमा पनि माघ १ देखि बैंक तथा वित्तीय संस्थामा खाता खोल्न सकिने भएको छ । यसअघि बैंक खाता खोल्न नागरिकता अनिवार्य थियो । अब राष्ट्रिय परिचयपत्र वा त्यसको नम्बरका आधारमा खाता खोलिदिन बैंक तथा वित्तीय संस्था, पूर्वाधार विकास बैंक र लघुवित्त वित्तीय संस्थालाइ राष्ट्र बैंकले परिपत्र जारी गरेको हो । 'बैंक तथा वित्तीय संस्थाले २०८१ माघ १ देखि राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरको विवरण यकिन गरी खाता खोल्ने व्यवस्था मिलाउनुपर्नेछ,' राष्ट्र बैंकको निर्देशनमा भनिएको छ ।

माघदेखि बैंक खाता खोल्दा राष्ट्रिय परिचयपत्र अनिवार्य भए जस्तो देखिए पनि त्यसकै आधारमा मात्र बैंक खाता खोल्ने भन्ने आशय नरहेको राष्ट्र बैंकका प्रवक्ता रामु पौडेलले बताए । 'हाल सबै नागरिकसँग राष्ट्रिय परिचय हुन्छ भन्ने छैन, यसकारण बैंक खाता खोल्दा त्यसलाई अनिवार्य गरिएको होइन,' उनले भने, 'नागरिकताका आधारमा बैंक खाता खोल्नू भन्ने निर्देशन यथावत् छ, अब राष्ट्रिय परिचयपत्र वा त्यसको नम्बर दिए पनि बैंकले खाता खोलिदिनुपर्छ ।'

सरकारले सामाजिक सुरक्षालगायत सरकारी भुक्तानी दिनुपर्ने अवस्थामा सम्बन्धित सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नुपर्नेछ ।

त्यस्तो खाताबाट रकम झिक्नुअघि यस निर्देशनबमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि (केवाईसी) भर्नुपर्ने निर्देशन पनि परिपत्रमा छ । सरकारले सामाजिक सुरक्षालगायत सरकारी भुक्तानी दिनुपर्ने अवस्थामा सम्बन्धित सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नुपर्नेछ । त्यस्तो खाताबाट रकम झिक्नुअघि यस निर्देशनबमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नुपर्ने राष्ट्र बैंकको निर्देशन छ ।

# महिला विश्वकप क्रिकेट खेल्ने नेपाली टोलीको बिदाई

झापा(प्रस)।यहि माघ ५ गतेदेखि मलेसियामा सुरू हुने यू-१९ महिला विश्वकप क्रिकेट खेल्ने नेपाली टोलीको बिदाई गरिएको छ । नेपाल क्रिकेट संघ क्यानले शुक्रबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी विश्वकप खेल्ने नेपाली टोलीको बिदाई गरेको हो ।

कार्यक्रममा खेलकुदमन्त्री तेजुलाल चौधरी, क्यान सचिव पारस खड्कालगायतले नेपाली टोलीलाई शुभकामना दिँदै विदाइ गरेका थिए । सो क्रममा खेलकुदमन्त्री चौधरीले उच्च आत्मबलका साथै खेल प्रदर्शन गर्न शुभकामना व्यक्त गरे । नेपाली टोलीले बिजयका साथ नेपालको छाप छाड्ने उनले विश्वास व्यक्त गरे।

त्यस्तै क्यान सचिव पारस खड्काले नेपाली महिला क्रिकेटका लागि यो प्रतियोगिता




निकै महत्वपूर्ण रहेको र आगामी दिनमा महिला क्रिकेटलाई बलियो बनाउन भूमिका खेल्ने बताए। त्यस्तै यू-१९ महिला टोलीका प्रशिक्षक महेशप्रसाद रिजालले विश्वकपका लागि निकै उत्साहित रहेको र तयारी पनि निकै राम्रो भएको बताए । उनले १० दिन चितवनमा अभ्यास गर्दा टीमलाई सुधार गर्ने विषयमा ध्यान केन्द्रीत गरेको धारणा राखे। त्यस्तै यू-१९ कप्तान पूजा महतोले पहिलो पटक विश्वकपमा खेल्न पाउँदा निकै खुसी लागेको भन्दै अन्य देशलाई चुनौती दिने गरि खेल प्रदर्शन गर्ने बताइन् । माघ २० सम्म सञ्चालन हुने विश्वकपमा नेपालसहित १६ टोलीले सहभागिता जनाउनेछन् ।

नेपाली महिला टिमले पहिलोपटक विश्वकप खेल्न लागेको हो । माघ ५ गते बंगलादेशविरुद्ध खेल्दै नेपालले विश्वकपको सुरुवात गर्नेछ भने दोस्रो खेलमा स्कटल्याण्ड र समूह चरणको अन्तिम खेलमा अस्ट्रेलियाको सामना गर्ने क्यानले जनाएको छ ।

# रोजगारीमा बढेन आकर्षण




झापा(प्रस)। प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सूचीकृत भएका बेरोजगार युवाको संख्या आठ लाखको हाराहारी रहेकामा चालु आर्थिक वर्ष २०८१/८२ को करिब पाँच महिनामा एक हजार १३८ मात्रै रोजगारीमा आबद्ध भएका छन् । सरकारले आन्तरिक रोजगारीका कार्यक्रमको दायरालाई फराकिलो बनाउन नसक्दा आन्तरिक रोजगारी सिर्जनामा आकर्षण हुन नसकेको हो । प्रधानमन्त्री रोजगार कार्यक्रमका अनुसार चालु आव २०८१/८२ मा ६० हजार बेरोजगार युवालाई सय दिनको रोजगारी दिने लक्ष्य रहेपनि पुष २४ सम्म एक हजार १३८ युवा उक्त कार्यक्रमअन्तर्गत रोजगारीमा आबद्ध भएका छन् ।

चालु आवमा देशभरबाट सूचीकृतमध्ये ६० हजारलाई मात्रै न्यूनतम एक सय दिनको रोजगारी दिने र पाइहाले पनि छोटो अवधिको हुने भएकाले यो कार्यक्रमप्रति युवा आकर्षित नभएको प्रधानमन्त्री रोजगार कार्यक्रमका राष्ट्रिय निर्देशक डण्डुराज घिमिरेले बताए । सरकारले पटक पटक सुधारको घोषणा गरे पनि यस कार्यक्रमले अपेक्षित रूपमा रोजगारी सिर्जना गर्न नसकेको पछिल्लो करिब पाँच महिनामा रोजगारीमा संग्लन भएको संख्याले पुष्टि गर्छ । यस पटक ४६८ वटा पालिकामा कार्यस्थलमा आधारित ५० दिने तालिम सञ्चालन भइरहेकाले पनि हाल प्रगति कम देखिएको उनले जानकारी दिए । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आवमा लिएको लक्ष्यको ५० प्रतिशत चैतको पहिलो सातासम्म रोजगारीमा संलग्न हुने उनको भनाइ छ ।

उनका अनुसार हाल धेरै जसो पालिकामा आयोजना छनोट सकिएको छ । बेरोजगारलाई तालिमसहित न्यूनतम रोजगारी दिने उद्देश्यसाथ २०७५ फागुन १ देखि सुरु भएको यस कार्यक्रमका लागि यस पटक ६० हजारलाई न्यूनतम एक सय दिनको रोजगारी दिने लक्ष्य रहेको छ । मन्त्रालयका अनुसार यो कार्यक्रमका लागि छ अर्ब नौ करोड ४५ लाख रुपियाँ विनियोजन गरिएको छ । पहिलो पाँच महिना (साउन-पुस २४ गते) सम्म २१ करोड सात लाख ९६ हजार मात्रै खर्च भएको छ । सरकारले यो वर्ष विपत्बाट प्रभावित क्षेत्रको पुनर्निर्माण तथा पुनस्र्थापनामा पनि कार्यक्रमको बजेट खर्च गर्न सक्ने व्यवस्था गरेको छ ।

## राजनीति...

जुनसुकै दलले सरकारको नेतृत्व लिए पनि स्वतन्त्रता, न्याय र लोकतन्त्रको शक्ति नै अन्तर्राष्ट्रिय क्षेत्रमा वकालत र सम्प्रेषण गर्ने र त्यस मामिलामा अन्तर्राष्ट्रिय अडान लिने हो । नेपालको गरिमा र साख जोगाउन सभ्य, सुसंस्कृत तथा आचरणमा रहनु कूटनीतिक पुँजी हो ।

नेपालको उत्कृष्ट शासन हासिल गर्न समय पर्याप्त छ । नेपालको दर्शन र शक्ति प्रदर्शनको क्षमता विश्वमा देखाउँदै जाने हो । वादविवाद जस्तो भए पनि गुणस्तरीय शासन र प्रशासन स्थापित गर्न सकिन्छ । राजनीति र कूटनीतिले आन्तरिक र बाह्य सार्वभौमसत्ताको दलिल पेस गर्न अझै पनि स्थान र वृत्तमा होडबाजी हुनु र भइरहनु आश्चर्यको विषय होइन । तमाम सार्वजनकि तथा अन्तर्राष्ट्रिय समस्या हल गर्ने रुचि बढ्नु र तदारुकता देखिनु स्वाभाविक इच्छा नेतृत्वको निपुणता हो । उदारवादी लोकतन्त्रको अजेय र अन्तिम मानवको तर्क दिने इतिहासको समीक्षाले आज अनुदारवादी चुनौती थपिएको हो । आचरण, नैतिकता र संहिता खस्केकाले यस्तो हुन गएको प्रारम्भिक विश्लेषण गर्न सकिन्छ । लोकप्रियतावाद र प्रचारात्मक शैलीले पनि यसलाई मलजल गरेको हो । कसरी राजनीतिक, नागरिक तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाजलाई विधिसम्मत ढङ्गबाट सञ्चालन गर्ने भन्ने प्रश्नको उत्तर दिँदै जाने बेला आएको छ । यसको जवाफ सुशासन र आपसी हितमा नै भर हुन्छ । सभ्य संस्कृति भनेको विधिको शासन र कानुनी राजमा नै हो । यसको तर्जुमा, कार्यान्वयन तथा निरूपण गर्ने निकाय, सरकारी अङ्ग र संवैधानिक आयोगको भूमिका बृहत्तर छ । नेपालको दर्शन तथा आदर्शको प्रतिरक्षा विदेशसम्म सम्प्रेषण गर्नु नैतिक शक्ति हो भने विश्वव्यापी मूल्यमान्यताको सम्मान गर्नु राजनीति र कूटनीतिक मामिलाको दर्पण हो ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । राजनैतिक कार्यमा बाधा

**वृष** बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।सम्पत्ति हराउने र साँझमा खर्च

**मिथुन** आज जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

**कर्कट** रमणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ ।

**सिंह** आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन्

**कन्या** गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता

**कुम्भ** आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मिन** दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला ।